काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## बैठक संख्या - ४८

आज मिति २०८२/०२/०८ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

१. श्री राजु थापा - अध्यक्ष
२. श्री तेज बहादुर थापा - उपाध्यक्ष
३. श्री खड्क बहादुर थापा - वडा अध्यक्ष वडा नं. १
४. श्री विद्यापति शर्मा - वडा अध्यक्ष वडा नं. २
५. श्री फुल बहादुर वि.क. - वडा अध्यक्ष वडा नं. ३
६. श्री लक्ष्मण पुन - वडा अध्यक्ष वडा नं. ४
७. श्री ज्ञाननाथ कँडेल - वडा अध्यक्ष वडा नं. ५
८. श्री बृहस्पति शर्मा - वडा अध्यक्ष वडा नं. ६
९. श्री प्रेम बहादुर जि.सी. - वडा अध्यक्ष वडा नं. ७
१०. श्री प्रज्ञानन्द कँडेल - वडा अध्यक्ष वडा नं. ८
११. श्री टिका संग्राम वि.क. - कार्यपालिका सदस्य
१२. श्री भूमा देवी पुन - कार्यपालिका सदस्य
१३. श्री सुन्तली वि.क. - कार्यपालिका सदस्य
१४. श्री पूर्णमाया सुनार - कार्यपालिका सदस्य
१५. श्री गिता देवी वि.क. - कार्यपालिका सदस्य
१६. श्री देवी थापा मगर - कार्यपालिका सदस्य
१७. श्री पूर्ण बहादुर कार्की - सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति :

१. श्री माधव शर्मा लेखा अधिकृत
२. श्री मनोज कार्की प्रशासन शाखा प्रमुख
३. श्री अंचल थापा MIS अपरेटर

गण्डकी

निर्णयहरू

**निर्णय नं. १.**

आगामी आ.व. २०८२/०८३ को लागी संघीय सरकार समानीकरण, राजश्व र गण्डकी प्रदेश सरकार समानीकरण तथा सवारी कर तपसिल अनुसारको वजेट सिलिङ प्राप्त भएकोले आजको बैठकमा जानकारी गरियो।

तपसिलः-

| क्र.सं. | शिर्षक | रकम रू. हजारमा |
|---|---|---|
| १ | संघीय सरकार समपुरक अनुदान | ९७२००.००० |
| २ | संघीय सरकार राजश्व बाँडफाड | ८२०४३.९०९ |
| ३ | गण्डकी प्रदेश सरकार समानीकरण अनुदान | १२६६०.००० |
| ४ | गण्डकी प्रदेश सरकार सवारी कर बाँडफाड | ९५५१.००० |
| | **कुल जम्मा** | **२०१४५४.९०९** |

**निर्णय नं. २.**

आगामी आ.व. २०८२/०८३ को लागी राजश्व असुली, जनसंख्या आदी लाई मध्यनजर गरी रू. ३ करोड ६९ लाख ४ हजारमा घटबढ नहुने गरी अर्को गाउँ कार्यपालिकाको बैठकबाट वडागत बजेट सिलिङ उपलब्ध गर्ने निर्णय गरीयो।

**निर्णय नं. ३.**

आगामी आ.व. २०८२/०८३ मा काठेखोला गाउँपालिकाको गौरवका योजना अन्तर्गत रू. ५०/५० लाखका दुई वटा योजना वडा नं. ३ र वडा नं. ७ मा उपलब्ध गर्ने गरी बजेट सिलिङ दिने निर्णय गरियो।

**निर्णय नं. ४.**

भुमि समस्या समाधान आयोग काठमाण्डौको च.नं. ४३६, मिति २०८२/०१/११ गतेको विगतमा प्रथम पटक लगत संकलनको ३५ दिने सुचना प्रकाशित भैसकेका स्थानीय तहहरूको हकमा पुन लगत संकलनको लागि ३५ दिने सूचना प्रकाशन गर्ने व्यहोराको प्राप्त पत्रानुसार काठेखोला गाउँपालिकामा लगत संकलन गरि वडा स्तरीय सूचना प्रकाशन गर्दा केही अव्यवस्थीत वसोवासीको लगत संकलन छुट भएको भन्ने गुनासो रहेकोले भूमि समस्या समाधान आयोग जिल्ला समिति बागलुङ मार्फत सूचना प्रकाशनको लागी आवश्यक व्यवस्था गर्न अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ५.**

काठेखोला गाउँपालिकाको १७ औ गाउँ सभा अधिवेशन २०८२ असार ६ गते आव्हान गर्ने र सो दिन अध्यक्ष ज्यूबाट वार्षिक निति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६.**

करार तथा अस्थायी शिक्षक नियुक्तिको लागि काठेखोला गाउँपालिकाबाट अनुमति लिई विद्यालयहरूले विज्ञापन गर्दा अनिवार्य रूपमा वेवसाईट मार्फत सूचना प्रकाशित गर्न सवै विद्यालयहरूलाई शिक्षा शाखा मार्फत सूचना गर्ने निर्णय गरियो।

**निर्णय नं. ७.**

करार तथा अस्थायी शिक्षक नियुक्तिको लागि काठेखोला गाउँपालिकाबाट अनुमति लिई विद्यालयहरूले विज्ञापन गरीएका तपसिल अनुसारका विद्यालयहरूको पुन थप ७ (सात) दिने सूचना प्रकाशित गर्न सम्बन्धीत विद्यालयहरूलाई शिक्षा शाखा मार्फत पत्राचार गर्ने निर्णय गरियो।

तपसिलः-

क) चन्द्र प्रा.वि. काठेखोला-४, तंग्राम (राहत)

ख) नव युवक आ.वि. काठेखोला-५, बिहुँ (करार)

ग) भूमे आ.वि. काठेखोला-४, तंग्राम (करार)

गाउँपालिकाको कार्यालय
... कोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ८**

यस काठेखोला गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरूमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको २०८२ चैत्र मसान्त सम्म १४ वर्ष उमेर पुरा हुन नसक्ने अवस्था भएको र वडा कार्यालय मार्फत विगतमा जारी गरिएको जन्मदर्तामा रहेको जन्म मिति संशोधन गर्न प्रचलित ऐनमा जन्मदर्ता गरेको १ वर्ष समयावधि किटान गरिएकोले जन्ममिति संशोधन गर्न सक्ने अवस्था नभएको हुदाँ १४ वर्ष उमेर हद सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २०७८/१२/०४ को पत्र अनुसार थ्रेस होल्ड कायम नगर्ने गरी कार्यन्वयन गर्न गरिएको परिपत्र अनुसार नै गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।